# लोक सेवा आयोग

## नेपाल प्रशासन सेवा, राजस्व समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।११।१२

समय :- ३ घण्टा पूर्णाङ्क :- १००

पत्र :- द्वितीय

विषय :- सेवा सम्बन्धी ।

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

१. मुलुक संघीयतामा प्रवेश गरेसँगै नेपालको अर्थतन्त्र र विकासको ढाँचा पनि संघीयता अनुरूपको बन्दै गएको छ । समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्ने गरी दीर्घकालिन सोचसहित पन्ध्रौं पञ्चवर्षीय योजना संघीय सरकारले जारी गरेको छ । यस सन्दर्भमा संघीय शासन व्यवस्थामा तीन तहका सरकारबीच योजनागत अन्तरसम्बन्धको सैद्धान्तिक पक्षमाथी प्रकाश पार्दै पन्ध्रौं पञ्चवर्षीय योजनाका लक्ष्यहरू सँगसँगै दीर्घकालीन विकासको सोच र लक्ष्य हासिल गर्न तीन तहका सरकारको भूमिका कस्तो हुनुपर्छ? आफ्नो धारणा राख्दै योजना कार्यान्वयनमा देखिने चुनौतीहरू समेत प्रस्तुत गर्नुहोस् । ७+८=१५

२. संघीय राजनीतिक प्रणालीमा संविधानमा नै तीनै तहका सरकारलाई कर लगाउने एवं उठाउने तथा परिचालन गर्ने अधिकार रहेको छ । नेपालको संविधानको अनुसूचीमा कुन तहको सरकारले कुन-कुन कर लगाउन वा परिचालन गर्न सक्ने भन्ने विषयलाई स्पष्ट पारेको छ । यसो हुँदाहुँदै पनि प्रदेश र स्थानीय तहहरूले लगाउने करका विषयमा बेलाबेलामा विवाद सिर्जना भएका छन् । व्यापार व्यवसाय गर्नेहरू, औद्योगिक प्रतिष्ठानहरू, आम उपभोक्ताहरू लगायतले करको भार बढाएको भनेर चिन्ता व्यक्त गरेको पनि देखिन्छ । स्थानीय र प्रदेश सरकारले भने कर लगाउने विषय आफ्नो अधिकार क्षेत्रभित्रै भएको र संघीय सरकारले लगाउने करमा दोहोरो पर्नेगरी आफूहरूले कर नलगाएको जिकिर लिएका छन् । प्रदेश र स्थानीय तहले विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी बनाउन थप स्रोत साधन आवश्यक हुने भएकोले खर्चको आवश्यकता पूरा गर्न पनि राजस्व परिचालन गर्नुपर्नेको विषय उठाउने गरेका छन् । अर्कोतिर प्रदेश र स्थानीय तहहरूले वार्षिक रूपमा विनियोजन भएको रकम भने लक्ष्य अनुसार खर्च गर्न सकेको देखिदैन । खर्चको प्रभावकारिताले पनि राजस्व परिचालनमा सकारात्मक प्रभाव पर्ने भएकोले त्यसतर्फ त्यति ध्यान नदिने र नयाँ-नयाँ कर लगाउने विषयमा भने चासो लिएको जस्तो देखियो । राजस्व परिचालन भन्ने बित्तिकै थप कर लगाउने र असुलउपर गर्ने भन्ने मात्र नभई लगाइएका कर, शुल्क एवं महसूलको दायरा विस्तार गर्ने, कर सचेतना कार्यक्रम सञ्चालन गर्ने, कर तिर्ने बानीको विकास गर्ने, आर्थिक कारोबारको सूचना संकलन गरी विस्तृत करआधार तयार गर्ने हो । तर यस विषयतिर भने त्यति प्रयास भएको पाइदैन, एक्कासी करमा वृद्धि गर्ने वा नयाँ किसिमको करारोपण गर्दा सबै क्षेत्रमा असन्तुष्टी देखिने नै भयो ।

यो अवस्थामा संघ, प्रदेश र स्थानीय तहको खर्च आवश्यकता पूरा गर्न राजस्व परिचालन गर्दा देखिएका समस्या केलाउँदै थप राजस्व परिचालनका लागि के-कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ? कार्यान्वयनयोग्य सुझाव प्रस्तुत गर्दै तपाईंले दिएका सुझाव कार्यान्वयन गर्न कार्ययोजना समेत तयार गर्नुहोस् । ७+८+५=२०

३. कुनै पनि मुलुकको मौद्रिक नीतिले वित्तीय नीतिलाई सहयोग गर्ने र पूरकको रूपमा काम गर्ने गर्दछ । वित्तीय नीति र मौद्रिक नीतिको समन्वयात्मक कार्यान्वयनबाट मात्र आर्थिक नीतिको कार्यान्वयन हुन्छ र सोको प्रतिफल प्राप्त हुन्छ । सामान्यतया सरकारको वार्षिक बजेट वित्तीय नीतिको रूपमा आउँदछ भने केन्द्रीय बैंकले मौद्रिक क्षेत्रको व्यवस्थापनका लागि मौद्रिक नीति तर्जुमा गरी कार्यान्वयन गर्दछ । आर्थिक वर्ष २०७८।७९ को बजेटले ६.५ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य लिएकोमा मौद्रिक नीतिले सो आर्थिक वृद्धि हासिल गर्न आवश्यक पर्ने मुद्राको प्रवाह गर्ने, मुद्रास्फितिलाई सीमाभित्र राख्न मुद्रा प्रदायको सीमा निर्धारण गर्ने, तरलता व्यवस्थापन गर्ने र बैंक ऋणको ब्याजदरलाई निश्चित सीमाभित्र राख्न विभिन्न व्यवस्था गरेको छ । वित्तीय नीति र मौद्रिक नीतिको कार्यान्वयनमा तालमेल नमिल्दा अपेक्षीत नतीजा

क्रमशः

प्राप्तिमा समस्या पनि पर्ने गरेको उदाहरण भेटिन्छ । यस परिप्रेक्ष्यमा चालु आर्थिक वर्षको वित्तीय नीतिका प्रमुख लक्ष्यहरूलाई मौद्रिक नीतिले कसरी सघाउने लक्ष्य राखेको छ. तिनको कार्यान्वयनलाई सहज बनाउन के-कस्ता उपाय अपनाउनपर्छ र आइपर्ने समस्या समाधानका लागि के गर्नुपर्छ? सोको खाका तयार गर्नुहोस् । २०

४. नेपालमा सार्वजनिक संस्थानहरूको स्थापनाको प्रमुख उद्देश्यहरू भनेको आम जनताका लागि सर्वसुलभ मूल्यमा अत्यावश्यक वस्तुहरूको उत्पादन बिक्रिवितरण तथा जनउपयोगी सेवा उपलब्ध गराउने, निजी क्षेत्रको न्यून उपस्थिति वा लगानी भएको क्षेत्रमा अग्रणी भूमिका प्रदर्शन गर्ने, राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको उपयोग र संरक्षण गर्ने तथा विकास निर्माणको कार्यलाई तिव्रता दिने हेतुले भएको पाइन्छ । साथै यसबाट वित्तीय कार्यकुशलता एवं कार्यदक्षतामा सुधार ल्याई प्रतिस्पर्धात्मक क्षमता विकास गरेर राज्यको सीमित स्रोत साधनको अधिकतम उपलब्धि र उपयोग हुने लक्ष्य पनि राखिएको पाइन्छ । सातौं पञ्चवर्षीय योजना (वि.सं. २०४२-४७) को अन्त्यसम्ममा सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थानको संख्या ६२ पुगेकोमा देशले खुलाबजार अर्थनीति अवलम्बन गरे पश्चात् भने सार्वजनिक संस्थानमा सरकारको लगानी विनिवेश गर्ने नीति अनुरूप केही संस्थानहरू निजीकरण र केही संस्थानहरूको उत्पादन तथा सेवा स्थगित गरेका कारण ३८ वटा संस्थानहरू मात्र सञ्चालनमा रहेका छन् । यी संस्थानहरूमा आर्थिक वर्ष २०७६/७७ आषाढ मसान्तसम्म सरकारबाट शेयर लगानी रू. २ खर्ब ८८ अर्ब तथा ऋण लगानी रू. २ खर्ब ३१ अर्ब पुगेको । तर यी संस्थानहरूमा भएको कुल शेयर लगानीको तुलनामा भने लाभांश केवल ४.८८ प्रतिशतका दरले मात्र प्राप्त भएको छ. त्यो पनि जम्मा ५ वटा संस्थानहरूबाट मात्र । यस अवस्थामा समेत नोक्सानीमा रहेका संस्थानहरूलाई आवश्यक सुधार गर्ने वा विनिवेश गर्ने नीति पनि कार्यान्वयन गरिएको छैन । कतिपय संस्थानहरूको महालेखा नियन्त्रकको कार्यालयले गरेको शेयर लगानी विवरणसँग संस्थानहरूको शेयर लगानी विवरण समेत मिलेको देखिँदैन । निरन्तर घाटामा सञ्चालित अधिकांश संस्थानहरूको वित्तीय जोखिम (Fiscal Risk) ले सरकारको राजस्वमाथि प्रतिवर्ष आर्थिक भार थपिँदै गएको देखिँदा त्यसलाई घटाउने उपाय गर्ने कतिपय संस्थानहरूको पुनर्संरचना गर्नुपर्ने पनि जरुरी भैसकेको देखिन्छ । यी संस्थानहरूका कार्य सञ्चालन पद्धतिमा सुधार गरिनुपर्ने आवश्यकता रहेको कुरा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनहरूमा प्रत्येक वर्ष औंल्याइएका छन् ।

उपर्युक्त परिप्रेक्ष्यमा समस्याहरूको यकिन पहिचान गरी सार्वजनिक संस्थानहरूको तोकिएका लक्ष्य अनुसार प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि अपनाउनु पर्ने मार्गचित्र उल्लेख गर्दै आफ्नो सुझावहरू प्रस्तुत गर्नुहोस् । २०

५. आन्तरिक राजस्व कार्यालय चाबहिलको प्रमुख कर अधिकृत पदमा कार्यरत रहनु भएका कार्यालय प्रमुख आफ्नो कार्यालयमा बहाल भएदेखि कार्यालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने प्रयासमा हुनुहुन्छ । चालु आर्थिक वर्षको पहिलो चार महिनाको राजस्व संकलनको लक्ष्य हाँसिल गर्न उक्त कार्यालय सफल नभएकोले आन्तरिक राजस्व विभागका महानिर्देशकले कार्यालय प्रमुखलाई फोन गरेर राजस्वको वार्षिक लक्ष्य पुरा गर्न निर्देशन दिनुका साथै राजस्व संकलन प्रगतिको आधारमा कार्यालय प्रमुखको कार्य सम्पादन मूल्याङ्कन हुने जानकारी गराई रहनुभएको छ । यस विषयमा अर्थ मन्त्रालयका राजस्व सचिव, राजस्व व्यवस्थापन महाशाखाका सहसचिवले पनि प्रत्येक हप्ता कार्यालय प्रमुखलाई सचेत गराइ रहनुभएको छ ।

कार्यालयमा दरबन्दी अनुसारको अधिकृतस्तरका कर्मचारीहरूको पदपूर्ति भएको भए तापनि सहायकस्तरका कर्मचारीहरूको अभावका कारण स्थायी लेखानम्बर प्रदान गर्ने र करचुक्ता प्रमाणपत्र प्रदान गर्ने अग्रभाग (Front Desk) मा रही सेवा प्रदान गर्ने कर्मचारी नहुँदा सेवाग्राहीहरू प्रत्येक घण्टा कार्यालय प्रमुखलाई गुनासो गर्न आउने गरेका छन् । अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने प्रतिष्ठानमा भौतिक नियन्त्रण प्रणाली बमोजिम अनुगमन गर्न पनि कर्मचारी अभाव रहेको छ । कार्यालयको कार्यात्मक लक्ष्य (Functional Target) को स्तर समेत कमजोर रहेकोले उक्त लक्ष्य प्राप्त गरी कार्यालयको कार्यसम्पादन स्तर बढाउने चुनौती पनि निजलाई रहेको छ । कार्यालयको कार्यक्षेत्र काठमाण्डौको उत्तरपूर्वी क्षेत्रका गाउँपालिकाहरू रहेका र ती क्षेत्रमा हुने सबै आर्थिक क्रियाकलाप पनि करको दायरामा नआएकोले करको दायरा विस्तारका लागि स्थलगत टोली खटाउन जनशक्ति र सवारी साधनको अभाव रहेको छ । कार्यालयमा दर्ता भएका करदाताहरूमध्ये आयकरतर्फका करीब ४५% र मूल्य अभिवृद्धि करतर्फका करीब २१% करदाताले

क्रमशः

आफ्नो आवधिक कर विवरण बुझाएका छैनन् । ती करदाता खोजी गरी कर परिपालना गराउने चुनौती पनि रहिरहेको छ ।

कार्यालयको कार्यक्षेत्रमा पर्ने दुई करदाताले मूल्य अभिवृद्धि करको नक्कली बिल बीजक प्रयोग गरेको हुँदा ती उपर कारवाई गर्न विभागबाट करीब दुई महिना अगाडी लेखि आएको गए तापनि कारवाई प्रक्रिया टुङ्गिएको छैन । तर विभागबाट तत्सम्बन्धमा प्रत्येक सात/सात दिनमा प्रगति माग गरी पत्र पठाईरहेको छ । साथै, कार्यालयको काममा गुनासो बढेको भनि कार्यालय प्रमुख बहाल भएको दिनदेखि महानिर्देशकले प्रत्येक दिन सधैत पनि गराएरहेका छन् । कार्यालयमा कार्यरत कर्मचारीहरू स्वःउत्प्रेरित हुन सकेका छैनन् । विगतमा प्रदान गरिएको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको निरन्तरता नहुँदा कार्यमा समेत उत्साह देखिदैन । आन्तरिक राजस्व विभागको टोलीले कार्यालयको अनुगमन गर्दा कार्यालयबाट भएको करपरीक्षण र अनुसन्धानको कार्य गुणस्तरीय नभएको, करपरीक्षण गर्दा अनिवार्य रूपमा भिडाउनु पर्ने विवरण नभिडाएको, बासलात परीक्षण गरी करपरीक्षण गर्ने कार्य कमजोर रहेको, करपरीक्षणको प्रक्रिया पुरा नभएको लगायत करीब आधा दर्जन कैफियत सहितको प्रतिवेदन दिएको छ ।

उपर्युक्त कार्यवातावरण र परिस्थितिको बीच तपाईले आन्तरिक राजस्व कार्यालय, चाबहिलको प्रमुख कर अधिकृतको जिम्मेवारी पाउनु भयो भने: १०+१०+५=२५

क) प्रस्तुत मामिलामा उल्लेख भएका व्यवस्थापकीय कार्य र नीतिगत विषयहरू पहिचान गरी यसबाट कार्यालयको कार्यलाई प्रभावकारी बनाउने अवसर र चुनौतीहरू पहिचान गर्नुहोस ।

ख) कार्यालय प्रमुखको हैसियतमा यो मामिलालाई तपाई कसरी व्यवस्थापन गर्नुहुन्छ? कार्यालय सञ्चालनका क्रममा देखिएका समस्या पुनरावृत्ति हुन नदिन के-कस्ता रणनीति र उपाय अवलम्बन गर्नुहुन्छ? साथै यसका लागि कुन-कुन निकायको के-कस्तो सहयोग लिनु पर्ने हुन्छ?

ग) प्रकरण (क) का अवसर र चुनौतीहरू कार्यान्वयन गर्न कार्यान्वयनयोग्य र व्यावहारिक कार्ययोजना प्रस्तुत गर्नुहोस ।

««समाप्त»»